प्रति साधारण शेयर रु.१००/- अंकित दरको २१,५९,७०० कित्ता हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड
RSDC LAGHUBITTA BITTIYA SANSTHA LIMITED

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त संस्था)

कालिकानगर-१०, बुटवल, रुपन्देही, नेपाल, फोन नं.: ०७१-४३८५१३, ४१९०१३, फ्याक्स नं. ०७१-४१९०१४
इमेल: info@rsdcmf.com.np, वेबसाइट: www.rsdcmf.com.np

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला मिति: २०७५/३/१७ गते

निष्काशन बन्द हुने मिति: २०७५/४/२० गते
(बैकिंग समय पश्चात्)

५ कित्ता साधारण शेयर बराबर नयाँ ३ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजी रु.३५,९९,५०,०००/- को पाँच शेयर बराबर नयाँ तीन शेयर (५ : ३) को अनुपातमा रु.१००/- अंकित दरका २१,५९,७०० कित्ता हकप्रद साधारण शेयर मिति २०७५/२/२१ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम :

आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. (RSDC Laghubitta Bittiya Sanstha Ltd.)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस वित्तीय संस्थाको रजिष्टर्ड (प्रधान कार्यालय) कार्यालय बुटवल उ.म.पा. वडा नं. १०, कालिकानगर, बुटवल, रुपन्देहीमा रहेको छ ।

३. कारोवार स्थान :

यस वित्तीय संस्थाको कारोवार गर्ने मुख्य स्थान संस्थाको केन्द्रीय कार्यालय, बुटवल उप.म.न.पा. वडा नं.१० कालिकानगर, रुपन्देहीमा रहेको छ । यो वित्तीय संस्था राष्ट्रियस्तरको थोक कर्जा प्रदायक संस्था भएकोले आवश्यकता अनुसार देशको जुनसुकै जिल्लामा थोककर्जा सम्बन्धी कारोवार गर्न सक्नेछ । हाल वित्तीय संस्थाले नेपाल राज्यका ३० जिल्लाका १६५ सहकारी/लघुवित्त संस्थाहरु मार्फत आफ्नो लघुवित्त सम्बन्धी कारोवारहरु संचालन गर्दै आइरहेको छ । वित्तीय संस्थाले आवस्यक ठानेको अवस्थामा भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आफ्नो सर्म्पक कार्यालयहरु बिस्तार गरी लघुवित्त सम्बन्धी कारोवार गर्न सक्नेछ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.,कम्पनी ऐन, २०६३ बमोजिम २०६९ साल चैत्र ८ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७० साल भाद्र १० गतेका दिन नेपाल राष्ट्र बैंकबाट लघुवित्त सम्बन्धी कारोवार गर्न इजाजतपत्र प्राप्त यस वित्तीय संस्थाले मिति २०७० भाद्र २६ गते देखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस वित्तीय संस्थाका संस्थापकहरुमा गैरसरकारी संस्था, बैंक तथा वित्तीय क्षेत्र, तथा विभिन्न पेशा तथा व्यवसाय, शैक्षिक क्षेत्र एवं व्यापार साथै ब्यबस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही लघुवित्त सम्बन्धी कारोबार (वित्तीय ब्यबसाय) गर्ने यस लघुवित्त वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछः

(क) लघुवित्त सेवालाई दिर्घकालिन रुपमा प्रभावकारी बनाउन ग्रामीण क्षेत्रमा संस्थागत श्रोतसाधन उपलब्ध गराउने,
(ख) लघुवित्त परिचालनको लागि ग्रामीण क्षेत्रमा रहेका सामुदायिक तथा सहकारी संस्थाहरुको क्षमता विकास गर्ने,
(ग) ग्रामीण क्षेत्रमा ग्रामीण आवश्यकता बमोजिमको वित्तीय कारोबार गर्नसक्ने संस्थाहरुको विकास गर्ने,
(घ) बाह्य क्षेत्रमा रहेको अनुत्पादक श्रोत तथा साधनलाई कृषि तथा ग्रामीण क्षेत्रमा प्रवाहित हुने वातावरण तयार गर्दै लगानी अभिवृद्धि गर्ने,
(ङ) वित्तीय संस्थाको निक्षेपकर्ताको हक-हितको संरक्षण र सम्वर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,
(च) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यवसायिक रूपले सम्भाब्य देखिएका उत्पादनशील ब्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,
(छ) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक ब्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुर्‍याउने,
(ज) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्धत पुर्‍याई देशको अर्थतन्त्रलाई सवल तथा सुदृढ बनाउन सहयोग पुर्‍याउने,
(झ) ग्रामीण समाजमा रहेको चरम गरिबी, विपन्नता र पछौटेपनलाई "विपन्नताबाट मुक्तिका लागि स्वावलम्बन" अवधारणा अनुसार कम गर्दै आत्मनिर्भर, स्वाभिमानी र स्वावलम्बी समाज निर्माणमा योगदान पुयाउने र
(ञ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिवृद्धि गर्न सहयोग पुर्‍याउने ।

५. शेयर पूँजीको संरचना :

(क) अधिकृत पूँजी :
यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.५७,५९,२०,०००/- (अक्षेरेपी सन्ताउन्न करोड उनान्साठी लाख बीस हजार) रहेको छ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ५७,५९,२०० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) जारी पूँजी :
यस वित्तीय संस्थाको जारी पूँजी रु.५७,५९,२०,०००/- (अक्षेरेपी सन्ताउन्न करोड उनान्साठी लाख बीस हजार) रहेको छ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ५७,५९,२०० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) चुक्ता पूँजी :
यस वित्तीय संस्थाका चुक्ता पूँजी रु.३५,९९,५०,०००/- (अक्षेरेपी पैंतिस करोड उनान्सय लाख पचास हजार) रहेको छ, जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका ३५,९९,५०० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु.५७,५९,२०,०००/- (अक्षेरेपी सन्ताउन्न करोड उनान्साठी लाख बीस हजार) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरि बाँडफाँट गरे पश्चात् हुने वित्तीय संस्थाका चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	३४,५५,५२०	६०%	३४,५५,५२,०००/-	शतप्रतिशत
ख	सर्वसाधारण शेयरवालाहरु (कर्मचारीहरु सहित)	२३,०३,६८०	४०%	२३,०३,६८,०००/-	शतप्रतिशत
	जम्मा	५७,५९,२००	१००%	५७,५९,२०,०००/-	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

वित्तीय संस्थाको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं	नाम र ठेगाना	पद	शैक्षिक योग्यता	व्यवसायिक अनुभव	प्रतिनिधित्व समूह
१.	श्री राजेन्द्र प्रसाद दाहाल बरुणेश्वर गाउंपालिका वडा नं.२, ओखलढुंगा	अध्यक्ष	स्नातक	**संचालक अध्यक्ष** : आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. मा मिति २०७३/१२/१२ देखि हालसम्म ● **सम्पादक** : शिक्षक मासिक २०६४ देखि हालसम्म ● **प्रेश सल्लाहाकार** : राष्ट्रपति कार्यालय नेपाल सरकार २०६६ देखि २०७२ सम्म ● **अध्यक्ष** : प्रेश काउन्शिल नेपाल २०६३ देखि २०६५ सम्म ● **प्रमुख सम्पादक** : हिमाल खबर पत्रिका २०५६ देखि २०६३ सम्म ● **प्रमुख सम्पादक** : देशान्तर साप्ताहिक २०५३ देखि २०५६ सम्म ● **संचालक सदस्य** : एस डे.बैक लि. २०६९ देखि २०७३ सम्म **अध्यक्ष** : ग्रामिण स्वा. विकाश केन्द्र (२०६८ देखि हाल सम्म) ● **अध्यक्षः** सिएइडी (२०६७ देखि हाल सम्म) ● **अध्यक्ष** : ऐनटिना फाउण्डेशन (२०६५ देखि २०७२) ● **अध्यक्षः** सेन्टर फर इन्भेस्टीगेसन जन्रालिजम (२०६४ देखि २०६८ सम्म) ● **सदस्य** : नेपाल प्रेश काउन्शिल (२०६० देखि २०६३ सम्म) ।	संस्थापक समूह प्रतिनिधि- ग्रामीण स्वावलम्बन विकास केन्द्र
२.	श्री शिव प्रसाद वस्याल वडा नं.९ बराडदी, पाल्पा	संचालक	एस.एल.सी	**संचालक सदस्य**: आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.मा मिति २०६९/१२/८ देखि हालसम्म ● **कार्यक्रम संयोजक**: २०५७ देखि २०६४ ग्रामीण स्वावलम्बन विकाश केन्द्र ● **कार्यक्रम तथा अनुगमन अधिकृत**: २०६४ देखि २०६८ ग्रामीण स्वावलम्बन विकाश केन्द्र ● **कार्यबाहक कार्यकारी निर्देशक** : २०६८ साउन १ देखि २०६८ ग्रामीण स्वावलम्बन विकाश केन्द्र ● **कार्यक्रम प्रमुख** : २०६८ देखि हाल सम्म ग्रामीण स्वावलम्बन विकाश केन्द ।	संस्थापक समूह प्रतिनिधि- ग्रामीण स्वावलम्बन विकास केन्द्र
३.	श्री चन्द्रराज शर्मा नार्गाजुन वडा नं.१३, विडारीटोल, काठमाण्डौ	संचालक	स्नातकोत्तर तथा चार्टर्ड एकाउण्टेन्ट	**संचालक सदस्यः** आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.मा मिति २०६९/१२/८ देखि हालसम्म ● **सहायक महाप्रबन्धक** : बैक अफ काठमाण्डौ ४ वर्ष देखी हाल सम्म ● **प्रमुख वित्त तथा मानव संसोधन विभागः** लुम्बिनी बैक लि.२०६२ देखि २०६६ सम्म ● **प्रमुख आन्तरिक लेखापरीक्षकः** लुम्बिनी बैक लि. २०५९ देखि २०६१ सम्म ● **परामंश सम्बन्धी कार्य** : नेपाल सरकार आन्तरिक राजस्व विभाग लाजिम्पाट २०५८ देखि २०५९ सम्म ● **प्रमुख प्रशासन तथा वित्त** : युनाइटेड इन्सुरेन्स कम्पनी लि. २०५७ देखि २०५८ सम्म ● **वित्त अधिकृत** : नारायणी फाइनान्स २०५१ देखि २०५२ सम्म ● **अनुसन्धान अधिकृत** : एनआइडिसी क्यापिटल मार्केट्स लि. २०४८ देखि २०५१ सम्म ।	संस्थापक समूह प्रतिनिधि- बैक अफ काठमाण्डू लि. (साविकको लुम्बिनी बैंक लि.)
४.	श्री हरी प्रसाद भट्टराई बागबजार, काठमाण्डौ	संचालक	स्नातकोत्तर	**संचालक सदस्यः** आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.मा मिति २०६९/१२/८ देखि हालसम्म ● **कार्यक्रम तथा निरिक्षण अधिकृतः** ग्रामिण स्वा. विकाश केन्द्र २०६४ देखि २०७० सम्म ● **कार्यक्रम संयोजकः** ग्रामिण स्वा. विकाश केन्द्र २०५८ देखि २०६४ सम्म ● **कार्यक्रम उत्प्रेरक** : ग्रामिण स्वा. विकाश केन्द्र २०५२ देखि २०५८ सम्म ● **वरिष्ठ उत्प्रेरकः** ग्रामिण स्वा. विकाश केन्द्र २०५० देखि २०५२ सम्म ● **उत्प्रेरक** : ग्रामिण स्वा. विकाश केन्द्र २०४९ देखि २०५२ सम्म ● **शिक्षक** : सिदेश्वर पाल्पा, सिपा रोल्पा तथा दिगाम गुल्मीमा २०४४ देखि २०४९ सम्म ।	संस्थापक समूह
५.	श्री राजेन्द्र पन्त नयाँ सडक, सिद्धार्थनगर-७, रुपन्देही	संचालक	स्नातक	**संचालक सदस्यः** आरएसडिसी लघुवित्त वित्तीय संस्था लि मा मिति २०७३/१२/१२ देखि हालसम्म ● **प्रशासन तथा वित्त अधिकृत** : युनिटी फर शसटेनेवल कम्युनिटी विकास कार्यक्रम २०७२ देखि २०७३ सम्म ● **प्रशासन तथा वित्त अधिकृत** : फेडेरेशन अफ सेक्सोल र जेन्डर माइनोरिट्रिज नेपाल २०६६ देखि २०६९ सम्म ● **प्रशासन तथा वित्त सहायकः** सहयात्री समाज नेपाल पर्सा २०६४ देखि २०६५ सम्म ● **प्रशासन तथा लेखा अधिकृत** : निर्धन एनजियो बुटवल २०६० देखि २०६४ सम्म ● **लेखापालः** ग्रामिण स्वा. विकाश केन्द्र २०५४ देखि २०६० सम्म ।	सर्वसाधारण समूह
६.	श्री अमर डंगोल मर्हजन वडा नं.२१ मिखा बहाल, ललितपुर	संचालक	प्रमाणपत्र तह	**संचालक सदस्यः** आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.मा मिति २०७३/१२/१२ देखि हालसम्म ● **प्रोपाइटर** : मिति २०६५/७/२५ देखि संचालित श्री हाई फाइव अमोल साइवरमा कार्य अनुभव ।	सर्वसाधारण समूह

प्रमुख कार्यकारी अधिकृत सम्बन्धी विवरण :

नाम : श्री दामोदर जोशी
ठेगाना : सैनामैना न.पा.-२, रुपन्देही ।
शैक्षिक योग्यता : एम.वि.ए./वि.एल.
अनुभव : आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. मा २०७० भाद्र १० देखि प्रमुख कार्यकारी अधिकृत, स्वावलम्बन विकास कम्पनीमा कार्यकारी निर्देशक भई १ वर्ष कार्यको गरेको अनुभव, कार्यक्रम संयोजक, ग्रामिण स्वाबलम्बन विकास केन्द्रमा ६ वर्ष कार्य गरेको अनुभव, नेपाल साउथ एसिया सेन्टरमा कार्यालय व्यवस्थापकको पदमा रहि करिव ६ वर्ष कार्य गरेको अनुभव ।

८. संचालक समितिको बनौट :

वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	४ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	२ जना
स्वतन्त्र संचालक	१ जना
जम्मा	७ जना

नोट: हाल स्वतन्त्र संचालक १ (एक) जना नियुक्त हुन बाँकी रहेको छ ।

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

स्वीकृत विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.३५,९९,५०,०००/- को पाँच शेयर बराबर तीन शेयर (५ : ३) (अर्थात् विद्यमान ५ कित्ता साधारण शेयर बराबर नयाँ ३ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.२१,५९,७०,०००/- बराबरको प्रति शेयर रु.१००/- अंकित दरका २१,५९,७०० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको पाँच शेयर बराबर तीन शेयर (५ : ३) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । तर साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गरिंदा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई वित्तीय संस्थाको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१३. वित्तीय संस्थाको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

(रु. हजारमा)

पूँजी तथा दायित्व	वास्तविक			*अपरिष्कृत आ.ब.०७४/०७५ चैत्र मसान्त	प्रक्षेपित		
	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४		आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७
१. शेयर पूँजी	६०,०००	७५,०००	१२९,९५०	३५९,९५०	६०४,९५७	६०४,९५७	६०४,९५७
२. जगेडा तथा कोषहरु	९,३४५	८,६२०	९,५५८	११६,६४३	१८,९२६	३५,९२७	६०,०८१
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	४७४,९४८	६,७६,६६३	७६९,८११	१,१८७,७७४	१,३३९,४७१	१,६६०,९४४	२,१२६,००९
५. निक्षेप दायित्व	-	-	-	-	-	-	-
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-	-	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	७,८९	७८७	-	१,४५६	४८,३९७	६०,४९६
८. आयकर दायित्व	-	१५९	-	९,८८६	१,६४७	२,८०७	३,६३९
९. अन्य दायित्व	१,९५२	३,४८७	१४,०९७	१८,८८१	१९,९८३	२७,२७५	३४,३१६
कुल दायित्व	५४६,२४६	७,६४,७२०	९२४,२०३	१,६९३,१३४	१,९८६,४४०	२,३८०,३०७	२,८८९,४९७

सम्पत्ति	वास्तविक			*अपरिष्कृत आ.ब.०७४/०७५ चैत्र मसान्त	प्रक्षेपित		
	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४		आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७
१. नगद मौज्दात	३	-	-	-	-	-	-
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-	-	-	-	-	-	-
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	३४,०२१	४७,६८१	२४,७११	२०३,७०२	२६५,९६३	११३,६१४	८१,६८६
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-	-	-	-	-
५. लगानी	-	-	२,०००	२,०००	२,०००	२,०००	२,०००
६. कर्जा सापट तथा बिल खरिद	५०५,२८२	७,१०,४९०	८९०,१४१	१,४६९,५०८	१,७०९,११६	२,२५६,०३३	२,७९७,४८१
७. स्थिर सम्पत्ति	४,५५१	३,६३३	३,३२५	३,६२८	६,५३३	५,३३०	४,३७१
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	२,३८८	२,९१६	४,०२६	१४,२९६	२,८२८	३,३३१	३,९५९
कुल सम्पत्ति	५४६,२४६	७,६४,७२०	९२४,२०३	१,६९३,१३४	१,९८६,४४०	२,३८०,३०७	२,८८९,४९७

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

सम्पत्ति	वास्तविक			*अपरिष्कृत आ.ब.०७४/०७५ चैत्र मसान्त	प्रक्षेपित		
	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४		आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७
१. ब्याज आम्दानी	३५,१८१	५३,७४४	८४,०७५	११९,०४०	१६९,६५१	२४७,७४१	३१२,९७२
२. ब्याज खर्च	१५,१२६	२४,८८६	४७,३४३	७३,१२२	९४,३८६	१२९,१४०	१६३,६१४
खुद ब्याज आम्दानी	२०,०५५	२८,८५८	३६,७३२	४५,९१८	७५,२६५	११८,६०१	१४९,३५८
३. कमिशन तथा डिस्काउण्ट	४६६९	६,०६७	७,४८२	११,३९२	१४,३८६	१३,८११	१६,४०८
४. अन्य संचालन आम्दानी	-	-	-	३४	-	-	-
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कुल संचालन आम्दानी	२४,७२४	३४,९२५	४४,२१४	५७,३४४	८९,६५२	१३२,४१२	१६५,७६५
६. कर्मचारी खर्च	४,१३१	४,९११	६,७६८	७,१६६	११,३८५	१३,८१०	१५,६४८
७. अन्य संचालन खर्च	४,३६५	४,३५१	८,७१७	७,६५३	९,५८९	१०,५४८	११,६०३
८. सटही घटबढ नोक्सान	-	-			-	-	
सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा	१६,२२७	२५,६६३	२८,७२९	४२,५२५	६८,६७८	१०८,०५४	१३८,५१४
९. सम्भावित नोक्सानी	२,८२६	२,०८२	१,८३९	६,३०२	८,२७२	५,५२४	५,४६९
संचालन मुनाफा/(नोक्सान)	१३,४०१	२३,५८१	२६,८९०	३६,२२३	६०,४०६	१०२,५३०	१३३,०४५
१०. गैर संचालन आम्दानी/(नोक्सान)	-	२३.००	७	-	-	४००	४००
११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	-	-	१०	२५	-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	१३,४०१	२३,६०४	२६,८९३	३६,२४८	६०,४०६	१०२,९३०	१३३,४४५
१२. असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	-	-	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	१३,४०१	२३,६०४	२६,८९३	३६,२४८	६०,४०६	१०२,९३०	१३३,४४५
१३.कर्मचारी बोनस व्यवस्था	१२१८	२,१४६	२,४४५	३,२९५	५,४९१	९,३५७	१२,१३१
१४.आयकर ब्यबस्था	३७००	६,३९३	७,३४७	९,८८६	१६,२३२	२७,७८८	३६,००७
यस बर्षको	३८०७	६,६११	७,३४७	-	१६,४७४	२८,०७२	३६,३९४
गत बर्षको	-	-	-	-	-	-	-
पर सारिएको आयकर आम्दानी/(खर्च)	१०७	२१७	-	-	(२४२)	(२८४)	(३८७)
खुद मुनाफा/(नोक्सान)	८,४८२	१५,०६४	१७,१०१	२३,०६७	३८,६८२	६५,७८५	८५,३०७
शेयर संख्या (हजारमा)	६००	६००	११५०	३,५९९	६,०४९	६,०४९	६,०४९
प्रति शेयर आम्दानी (रु.)	१४.१४	२५.१०	१४.८७	८.५४	६.३९	१०.८	१४.१

नोटः *आ.ब.०७४/०७५ चैत्र मसान्तसम्मको वित्तीय विवरणहरु लेखापरीक्षण हुन बाँकी तर आन्तरिक लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरणहरु हो ।

नेटवर्थ सम्बन्धी विवरण

(रु. हजारमा)

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७
चुक्ता पूँजी	६०,०००	७५,०००	१२९,९५०	६०४,९५७	६०४,९५७	६०४,९५७
जगेडा तथा कोषहरु	९,३४५	८६२०	९५,५८	१८,९२६	३५,९२७	६०,०८१
कुल	६९,३४५	८३,६२०	१३९,५०८	६२३,८८३	६४०,८८४	६६५,०३८
घटाउनेः अपलेखन गर्न बाँकी खर्च	१३६	०.०१	-	-	-	-
कुल नेटवर्थ	६९,२०७	८३,६२०	१३९,५०८	६२३,८८३	६४०,८८४	६६५,०३८
शेयर संख्या (हजारमा)	६००	७५०	१,२९९	६,०४९	६,०४९	६,०४९
प्रति शेयर नेटवर्थ (रु.)	११५.३५	१११.४९	१०७.३९	१०३.१३	१०५.९४	१०९.९३
खुद मुनाफा	८,४८२	१५,०६४	१७,१०१	३८,६८२	६५,७८५	८५,३०७
प्रति शेयर नेटवर्थमा आम्दानी	१२.२५	१८.०१	१२.२५	६.२०	१०.२६	१२.८२
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा				१८.९९%		

नोटः माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता कम्पनी आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञ चार्टर्ड एकाउण्टेण्ट संस्था सिपि एशोसिएट्स, सिफल, काठमाण्डौका श्री छविलाल पोखेल रहनु भएको छ ।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित सम्भाबित आर्थिक जोखिमहरु :

क) विद्यमान लघुवित्त वित्तीय संस्थाहरु र नयाँ लघुवित्त वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस वित्तीय संस्थाको सञ्चालनको इतिहास करिव ५ (पाँच) वर्षको रहेको छ । सो अबधीसम्ममा वित्तीय संस्थाले खराब कर्जा १ प्रतिशत भित्र राखेको छ । वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुर्‍याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु. १००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली वित्तीय संस्थाद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराममा आवेदकको पुरा नाम (नेपाल तथा अंग्रेजी दुबैमा) भर्नु पर्नेछ ।
४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१६. वित्तीय संस्थाको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
०७१/०७२	सार्वजनिक निष्काशन भैनसकेकोले सूचिकरण नभएको ।			
०७२/०७३	सार्वजनिक निष्काशन भैनसकेकोले सूचिकरण नभएको ।			
०७३/०७४	३,४५५/-	३३४/-	२,९५०/-	५४.४०

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७४ फागुन	७५४/-	७३१/-	७४०/-	९.००
२०७४ चैत्र	१०४४/-	६०७/-	७३०/-	६२.०९
२०७५ बैशाख	९२२/-	७१०/-	८६०/-	९९.२९

द्रष्टब्यः : यस वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१७. शेयर बाँडफाँट सम्बन्धी ब्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको ब्यवस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँड गरी अभौतिक (Demat) रुपमा शेयर सम्बन्धित शेयरधनीको खातामा जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचीकरण र अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,
(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पुरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,
(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,
(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालोसूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(छ) हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको,
(ज) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची-११ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गरी लिईने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नुपर्ने ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।
२) वित्तीय संस्थाको पूँजीगत योजना बमोजिमको पूँजी पुर्‍याउने उद्देश्य अनुरुप मिति २०७४/८/८ गते सम्पन्न चौंथो बार्षिक साधारण सभाबाट पाँच शेयर बराबर तीन शेयर (५ : ३) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
३) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
४) वित्तीय संस्थाको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि वित्तीय संस्थाको संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
५) वित्तीय संस्थाको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

स्वीकृत "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरणहरु" अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेकोछ ।

क्र.सं.	उपयोग	रकम (रु.)
१.	तरलता	करिब रु.३,००,००,०००/-
२.	कर्जा तथा लगानी	करिब रु.१८,५९,७०,०००/-
	जम्मा	करिब रु.२१,५९,७०,०००/-

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	नेपाल इन्भेष्टमेण्ट बैंक लि., पुतलीसडक, काठमाण्डौ	००१०१०१०३२९३०९
२.	कुमारी बैंक लि., पुतलीसडक, काठमाण्डौ	०१२४५२४६१७२९९०१९
३.	मुक्तिनाथ विकास बैंक लि., कमलादी, काठमाण्डौ	०१३१०४००१२०५३६००००००७
४.	देवः विकास बैंक लि., विणा मार्ग, लालदरवार, काठमाण्डौ	३०११०१९४००४३७९

उपरोक्त निष्काशन बैंकमा दरखास्त फारम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन ।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ को अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला अवधी थप गर्न सकिनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ तथा शाखा कार्यालयहरु लालदरबार काठमाण्डौ, लगनखेल, ललितपुर, चिप्लेढुङ्गा पोखरा, ट्राफिक चोक बुटवल, आदर्शनगर बीरगञ्ज र गोल्छाचोक बिराटनगर ।
२.	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड, बुटबल उ.म.पा.-१०, कालिकानगर, बुटवल, रुपन्देही ।
३.	नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको काठमाण्डौ उपत्यका भित्र बाहेकका सम्पूर्ण शाखा कार्यालयहरु ।
४.	नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको वेभसाइट www.rsdcmf.com तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लमिटेडको वेवसाइट www.niblcapital.com बाट डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. को वेवसाइट www.rsdcmf.com तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.niblcapital.com बाट हेर्न सकिनेछ ।

२५. क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७४ कार्तिक १२ गते "ईक्रा एनपि आईपिओ ग्रेड ४" प्रमाणपत्र प्राप्त गरेको छ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । "ईक्रा एनपि आईपिओ ग्रेड ४" ले औसत भन्दा तल (Below Average Fundamental) आधारहरु जनाउँदछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।
क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०७४/१२/१९

२६. संचालक तथा आधाभुत शेयरधनीहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस वित्तीय संस्थाको संचालक तथा आधारभुत शेयरधनीहरुले हकप्रद शेयर वापत रु. ६,७१,१६,७००/- भुक्तानी गरिएको व्यहोरा अवगत गराउंदछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।



दरखास्त फारामको नमूना

कार्यालय प्रयोजनको लागि
शेयरको विवरण | कित्ता
भौतिक
अभौतिक
जम्मा कित्ता

आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड
RSDC LAGHUBITTA BITTIYA SANSTHA LIMITED
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त संस्था)
कालिकानगर-१०, बुटवल, रुपन्देही, नेपाल, फोन नं: ०७१-४३८५१३, ४१९०१३, फ्याक्स नं. ०७१-४१९०१४
इमेल: info@rsdcmf.com.np, वेवसाइट: www.rsdcmf.com.np
को

संस्थापक ☐
सर्वसाधारण ☐

मिति: / /

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.

कोड नं.

श्री संचालक समिति,
आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड
कालिकानगर, बुटवल, नेपाल ।

शेयरधनी नं./परिचय नं.
हितग्राही खाता नं. DP ID Client ID

महाशय,

त्यस वित्तीय संस्थाबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७५/२/२१ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस वित्तीय संस्थाको जम्मा .... कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा वित्तीय संस्थाले जारी गरेको पाँच शेयर बराबर तीन शेयर (५ : ३) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको .... कित्ता गरि जम्मा................कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस वित्तीय संस्थाको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

शेयर	साविकको जम्मा शेयर कित्ता	हक मध्ये लिन चाहेको शेयर कित्ता	हक हस्तान्तरण गरिएको भए गरिदिनेको शेयरधनी नं./हितग्राही खाता नं.	हक हस्तान्तरण गरि लिएको शेयर कित्ता	आफ्नो हक तथा हक हस्तान्तरण गरिएको समेत
भौतिक रुपमा कायम रहेको			शेयरधनी नं.		
अभौतिक रुपमा कायम रहेको			हितग्राही खाता नं. DP ID		
जम्मा			Client ID		

प्यान नं. | प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.
अक्षरेपी रुपैयाँ
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना | चेक नं.
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना | भौचर/ड्राफ्ट नं.
निवेदकको पूरा नाम | नेपालीमा | श्री/श्रीमती/सुश्री/नाबालक
In English | Mr./Mrs./Miss/Minor | USE CAPITAL LETTER
स्थायी ठेगाना | वडा/घर नं./टोल | गा.वि.स./न.पा.
Address | Ward/House No./Tole | VDC/Municipality
जिल्ला | P.o Box No:/District | नागरिकता प्र.नं./जारी भएको जिल्ला
District | Mobile/phone No.
बाबुको नाम
Father's Name
बाजेको नाम
Grandfather's/Name
पति/पत्नीको नाम
Husband/Wife's Name
संरक्षकको नाम (नाबालकको हकमा)
Guardian's Name (Incase of minor)

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत वैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको स्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं ।

नोट: १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफैं हुनेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.
शेयरधनी नं./परिचय नं.

Applicant's Name	
Company's Name	RSDC LAGHUBITTA BITTIYA SANSTHA LIMITED
No. Of Shares Applied	Call Money per Share Rs.100 Amount Deposited
Amount in Words	

For Official Use Only: Code No.
Received by:
Date:
Stamp
DP ID
Client ID

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)

मिति २०७५/०२/२९ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने ।